# पुतलीबजार नगरपालिका स्याङ्जा

# सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि २०७७

## स्थानीय राजपत्र

खण्ड :४ संख्या:६ मितिः२०७७/०६/०५

## भाग ३

# सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति सम्वन्धी कार्यविधि - २०७७

**प्रस्तावना**

सामुदायिक विद्यालयमा योग्य र दक्ष विद्यालयको प्रशासकीय प्रमुखको रुपमा प्रधानाध्यापकको नियुक्ति, सेवाको शर्त, काम कर्तव्य र अधिकारको सुनिश्चित गर्ने उद्देश्यले पुतलीबजार नगर शिक्षा ऐन, २०७५ को दफा (६१) तथा नियमावली, २०७५ को नियम ३५ को उपनियम (२) बमोजिम नगर शिक्षा समितिबाट तयार गरी पेश भएको कार्यविधि पारीत गरी  कार्यान्वयन गर्न बाञ्छनीय भएकाले पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "**सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्वन्धी कार्यविधि, २०७७"** रहेको छ ।

२) यो कार्यविधि पुतलीबजार नगर कार्यपालिकाबाट पारित भए पश्चात् लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले पुतलीबजार नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका " भन्नाले पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "नगरपालिका" भन्नाले पुतलीबजार नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

घ) "आधारभुत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

छ) प्रधानाध्यापक भन्नाले विद्यालयको प्रशासकीय प्रमुखको रुपमा नियुक्ति भएको व्यक्ति सम्झनुपर्दछ ।

## परिच्छेद - दुई
## प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

१. विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

२. सामुदायिक विद्यालयको प्रधानाध्यापक हुनको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

क) माध्यमिक तह सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक हुनको लागि कम्तिमा पनि स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र माध्यमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

यदि माध्यमिक तह सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको दरबन्दी नभएमा वा माध्यमिक तहमा स्थायी शिक्षक नभएमा वा प्रधानाध्यापक पदको विज्ञापनमा उम्मेदवार हुन प्रस्तावना पत्र पेश नगरेमा कम्तिमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निम्नमाध्यमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

यदि निम्नमाध्यमिक तहको स्थायी शिक्षक पनि नभएको अवस्थामा वा प्रधानाध्यापक पदको विज्ञापनमा उम्मेदवार हुन प्रस्तावना पत्र पेश नगरेमा कम्तिमा पनि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी प्राथमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

ख) आधारभुत तह (कक्षा १-८) सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक हुनको लागि कम्तिमा पनि स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र निम्नमाध्यमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

यदि निम्नमाध्यमिक तहको स्थायी शिक्षक पनि नभएको अवस्थामा वा प्रधानाध्यापक पदको विज्ञापनमा उम्मेदवार हुन प्रस्तावना पत्र पेश नगरेमा कम्तिमा पनि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी प्राथमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

ग) आधारभुत तह (कक्षा १-५) सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक हुनको लागि कम्तिमा पनि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र प्राथमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष पुरा भएको शिक्षक हुनुपर्नेछ ।

राजपत्र

## ३. सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्तिको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिले नगरपालिकाको अनुमतिलिई पन्ध्र दिनको म्याद दिई विद्यालय विकास प्रस्तावना सहित दरखास्त आव्हान गर्न लगाईनेछ।

ख) प्रधानाध्यापक हुनको लागि नियम २ बमोजिमको योग्यता पुगेका शिक्षकहरुले कम्तिमा पनि अनुसुची १ बमोजिमको तीन वर्षे विद्यालय विकास प्रस्तावना तयार गरी विद्यालय व्यवस्थापन समिति समक्ष दरखास्त दिने सक्नेछन् ।

ग) नियम ३ को उपनियम (ख) बमोजिम प्राप्त भएका विद्यालय विकास प्रस्तावना सहितको दरखास्त विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यपक छनौट समिति समक्ष म्याद समाप्त भएको मितिले तीन दिन भित्र पेश गरिसक्नुपर्नेछ ।

घ) प्रधानाध्यापक छनौट सम्बन्धी आधारहरु अनुसुची २ मा उल्लेख गरिए बमोजिम हुनेछन्।

ङ) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट गर्नको लागि तपसिल वमोजिमको पाँच सदस्यीय छनौट समिति गठन गर्नेछ।

१. नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - अध्यक्ष
२. स्थानिय शिक्षा प्रेमी बुद्धिजिवि समाजसेवी व्यक्तिहरु मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य
३. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सदस्य
४. शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य
५. विद्यालय व्यवस्थापन समितिले तोकेको शिक्षक - सदस्य सचिब

**च.** उपदफा 'ङ' वमोजिम गठित समितिले अनुसुची -२ मा उल्लेखित व्यवस्थाको आधारमा सवै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्र.अ. नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ। तर कम्तिमा पनि ६० अक प्राप्त नगरेको उमेदवारलाई प्रधानाध्यापक पदमा सिफारिस गरिने छैन ।

**छ.** सस्थागत बिद्यालयको हकमा विद्यालयले आफ्नो कार्यबिधि आफै बनाउन सक्ने छन् ।

## ४. कार्यसम्पादन करार गर्नुपर्ने:

क) नियम २ को उपनियम (च) बमोजिम वि.व्य.स. मा सिफारिस भएको प्र.अ.लाई विद्यालय व्यवस्थापन समितिले सात दिन भित्र निजले पेश गरेको विद्यालय विकास प्रस्तावनाको आधारमा ३ वर्षको लागि प्र.अ. पदमा कार्यसम्पादन करार वा नियूक्ति गरी सो को अभिलेखीकरणको लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

ख) प्रधानाध्यापकको पदमा नियुक्ति भएको व्यक्तिको कार्यकाल समाप्त भएपछि पनि निजले करार सम्झौता बमोजिम कार्यसम्पादन गरेको र कार्यदक्षता सन्तोषजनक भएको भनि पुन नियूक्ति वा



स्थानीय राजपत्र

म्याद थपका लागि वि.व्य.स.ले सिफारिस गरेमा नगर शिक्षा समितिको निर्णय बमोजिम निजलाई पुन नियूक्ति वा म्याद थपका लागि वि.व्य.स.मा पठनउन सकिने छ ।

ग) प्रधानाध्यापकको पदमा नियुक्ति भएको व्यक्तिले करार सम्झैता बमोजिम कार्यसम्पादन नगरेमा वा निजको कार्यदक्षता सन्तोषजनक नभएका वि.व्य.स.ले सिफारिस गरेमा नगरशिक्षा समितिले निजलाई प्र.अ को पदबाट हटाउन सक्नेछ र नियम ३ बमोजिमको प्रक्रिया पुरा गरी प्र.अ नियुक्ति गरिनेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन ।

**५. प्रधानाध्यापक सम्वन्धी विशेष व्यवस्था :**

क) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्ति गर्दा नियम २ बमोजिमको योग्यता प्राप्त गरेको व्यक्ति विद्यालयमा नभएको अवस्थामा वा प्रधानाध्यापकको पदमा विज्ञापनमा दरखास्त नदिएको अवस्थामा माध्यमिक तहको हकमा स्नातक वा सो सरहको योग्यता, निम्नमाध्यमिक तहको हकमा प्रवीणता प्रमाणपत्र तह / कक्षा १२ वा सो सरहको योग्यता र प्राथमिक तहको हकमा एस.ई.ई वा सो सरहको योग्यता भएको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

ख) प्रधानाध्यापकको पदको विज्ञापनमा कुनै पनि विद्यालयमा दरखास्त नपरेको अवस्थामा प्रधानाध्यापक छनौट समितिमा वि.व्य.स.बाट सिफारिस भै आएका शिक्षकहरु मध्येबाट एक जना लाई प्रधानाध्यापकमा सिफारिस गर्नेछ ।

ग) प्रधानाध्यापक हुनको लागि जुन विद्यालयमा कार्यरत शिक्षक हो सोही विद्यालयमा मात्र उम्मेदवार हुनेछ ।

घ) यो कार्यविधि बमोजिम प्रधानाध्यापकको नियुक्ति नभएको अबस्थामा सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा प्रधानाध्यापकको पद रिक्त रहेको अवस्थामा बिद्यालय व्यवस्थापन समितिले बिद्यालयका शिक्षकहरुमध्ये सक्षम र उपयुक्त ठानेको शिक्षकलाई निमित्त प्रधानाध्यापकको जिम्वेवारी दिन सक्नेछ।

**६. प्रधानाध्यापकको काम,कर्तव्य र अधिकार**

क) प्रधानाध्यापकको काम ,कर्तव्य र अधिकार नगर शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेख भए बमोजिम हुनेछन् ।

## परिच्छेद - तीन

## विविध

**७. प्रधानाध्यापक नियुक्ति गरिसक्नुपर्ने समयावधि :**

क) यस कार्यविधि स्वीकृत भएपश्चात पहिलो पटकका लागि नगर शिक्षा समितिले निर्णय गरे बमोजिम प्रधानाध्यापकको नियुक्ति सम्बन्धी कार्यका लागि विद्यालयहरुलाई सूचना गरिनेछ । तत् पश्चात प्रधानाध्यापकको पद रिक्त रहेको अवस्थामा बिद्यालय व्यवस्थापन समितिले यो कार्यबिधि बमोजिम नियुक्ति कार्य अगाडि बढाउनु पर्नेछ ।

**८. समन्वय तथा सहयोग गर्नुपर्ने** :

क) सामुदायिक विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धी कार्यको लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षकका विभिन्न पेशागत सघ संगठनहरुले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

**९. बाझिएमा अमान्य हुने:**

क) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन सँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

स्थानीय राजपत्र

## अनुसूची -१

## विद्यालय विकास प्रस्तावना

१. विद्यालयको संक्षिप्त परिचय
२. विद्यालयको शैक्षिक अवस्थाको विश्लेषण
३. विद्यालयको विज्ञान समस्या र समाधानका उपायहरु
४. विद्यालयले हासिल गनुपर्ने अपेक्षित उपलब्धीहरु
५. अपेक्षित उपलब्धी हासिल गर्नको लागि स्रोत पहिचान सहितको ३ वर्षे कार्ययोजना
६. प्रतिवद्धता

## अनुसूची - दुई
## प्रधानाध्यापक छनौटका आधारहरु

**१. शैक्षिक योग्यता वापत २५ अंक**

शैक्षिक योग्यता वापत अंक दिदा सम्वन्धित तहको शैक्षिक योग्यता प्रथम श्रेणी भए १५ अंक दितीय श्रेणी भए १० अंक र तृतीय श्रेणी भए ५ अंक दिने र सो भन्दा माथिल्लो योग्यताका लागि प्रथम श्रेणी भए १० अंक दितीय श्रेणी भए ७ अंक तृतीय श्रेणी भए ५ अंक दिने ।

**२. शिक्षण अनुभव वापत १५ अंक**

शिक्षण अनुभव वापत अंक प्रदान गर्दा स्थायी शिक्षण अनुभव भएको र सम्बन्धित तहको प्रथम श्रेणी भए ३ दितिय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अंक प्रति वर्षका दरले वढीमा १५ अंक प्रदान गर्ने ।

**३. तालिम वापत ५ अंक**

तालिम वापत शिक्षकको पेशागत विकास तालिममा प्रथम श्रेणी भए ५ अंक दितीय श्रेणी भए ३ अंक तृतीय श्रेणी भए १ अंक दिने ।

**४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा १५ अंक**

अध्यापन गरेको विषयमा विगत ३ वर्षको कुनै कक्षाको कुनै एक विषयको सिकाइ उपलब्धी औषत ७० प्रतिशत भन्दा बढी रहेको भएमा १५ अंक प्रदान गर्ने ५० प्रतिशत भन्दा बढी रहेको भएमा १० अंक प्रदान गर्ने र सो भन्दा कमी भएको पाइएमा ५ अंक प्रदान गर्ने । सो सम्बन्धमा पुष्टाईका आबश्यक कागजात सम्बन्धित शिक्षकले उपलब्ध गराउनु पर्नेछ ।

**५. विद्यालय विकास प्रस्ताव २० अंक**

विद्यालय विकास प्रस्ताव तोकिए बमोजिमको ढाँचामा तयार गरी पेश गरेमा प्रधानाध्यापक छनौट समितिको मुल्यांकनगरी वढीमा १५ अंक प्रदान गर्न सकिने।तर ढाँचाभन्दा फरक भएमा छनौट समितिले आवश्यकता अनुसार मूल्यांकन गर्न सक्ने । प्रस्तुतीकरण वापत ५ अंक प्रदान गर्न सकिने ।

**६. नेतृत्व लिने क्षमता २० अंक**



स्थानीय सञ्चार

नेतृत्व लिने क्षमता वापत छनौट समितिले मूल्याकंन गरी वढीमा १२ अंक र वि.व्य.स.ले मूल्यांकन गरी वढीमा ८ अंक प्रदान गर्न सकिने ।विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक छनौट समितिले मूल्यांकन गरी अंक प्रदान गर्दा ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याई समेत दिनुपर्नेछ ।

स्थानीय राजपत्र